नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## २०८३ असोज ५ गतेको सचिव बैठकका निर्णयहरू

१. चालू आर्थिक वर्ष (आ.व. २०८३/८४) को श्रावण ४ गते, भाद्र १ गते र भाद्र ११ गते बसेको सचिव बैठकका निर्णयहरूको कार्यान्वयन अवस्थाको समीक्षा गरियो।

२. दशैं, तिहार, छठजस्ता चाडपर्व र सक्रिय मनसुनलाई ध्यानमा राखी सडक यातायात अवरुद्ध हुन नदिने तथा अत्यावश्यक सार्वजनिक सेवाहरू नियमित संचालनका लागि सम्बद्ध निकायहरूले जनशक्ति व्यवस्थापन, स्रोतसाधन, यन्त्र तथा उपकरणहरू चुस्त-दुरुस्त राख्ने गरी कार्यतालिकासहित आवश्यक व्यवस्था मिलाउने।

३. चाडपर्वको समयमा बजारमा हुनसक्ने कालोबजारी, मूल्यवृद्धि तथा अनुचित व्यापारिक गतिविधि नियन्त्रण गर्न संयुक्त बजार अनुगमनलाई प्रभावकारी बनाउने।

४. नेपाल सरकार (मन्त्रिपरिषद्) का निर्णय कार्यान्वयनको अनुगमन गर्ने प्रणाली CDIMS (Cabinet Decision Implementation Monitoring System) मा प्रविष्ट गरिएका निर्णय कार्यान्वयनको प्रगति अवस्था र निर्णय कार्यान्वयनबाट परेको उपलब्धि/प्रभाव सहितको प्रगति प्रतिवेदन यथाशीघ्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने। साथै, मन्त्रिपरिषद्का निर्णय कार्यान्वयनको नियमित अनुगमन मन्त्रालयबाट गर्ने व्यवस्था मिलाउने।

५. संवैधानिक निकायका प्रतिवेदनमा उल्लिखित सुझाव तथा निर्देशनहरू र संसदीय समितिका निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने।

६. राष्ट्रिय योजना आयोगबाट भइरहेको रसुवा भोटेकोशी बाढीबाट भएको क्षति पछिको आवश्यकता मूल्यांकन (Post Disaster Need Assessment: PDNA) कार्यलाई समय मै सम्पन्न गर्न आवश्यक पर्ने जनशक्ति सम्बन्धित निकायले यथाशीघ्र उपलब्ध गराउने।

७. कानून निर्माण कार्यलाई गुणस्तरीय र प्रभावकारी बनाउन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले निर्माण गरेको कार्यतालिका अनुसार विधेयकको मस्यौदा तयार गर्दा सम्बन्धित मन्त्रालय तथा निकायहरूले प्रभावकारी अन्तरनिकाय समन्वय स्थापित गरी अन्तर-सम्बन्धित विषयहरूमा सामान्जस्यता कायम गर्ने।

मुख्य सचिव